लोक सेवा आयोग

# खोटाङ कार्यालय

दिक्तेल, खोटाङ

## नेपाली सेना, सैन्य पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना

सूचना नं. २१/०८२-८३, मिति २०८२/१२/०३

यस कार्यालयबाट सञ्चालन हुने नेपाली सेनाको विज्ञापन नम्बर ०८२/८३/२९, सैन्य पदको मिति २०८२/०७/२८ मा प्रकाशित विज्ञापन अनुसार **श्री रणभीम गण, मुडे ब्यारेक, खोटाङ**बाट सञ्चालन भएको वियरीङ, शारीरिक परीक्षण तथा प्रि-मेडिकल परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको लिखित परीक्षा लोक सेवा आयोग, परीक्षा संचालन शाखाको मिति २०८२/११/२७ मा प्रकाशित परीक्षा कार्यक्रम सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम

| क्र.सं. | विज्ञापन नम्बर | पद | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|---|---|
| १ | ०८२/८३/२९ (खुला तथा समावेशी) | सैन्य | अंग्रेजी, नेपाली, गणित, सामान्य ज्ञान (वस्तुगत र विषयगत) | २०८२/१२/२१ गते शनिबार | बिहान ११:०० बजे (२ घण्टा ३० मिनेट) |

### परीक्षा केन्द्र

| क्र.सं. | दर्ता नम्बर/रोल नम्बर | परीक्षा केन्द्र |
|---|---|---|
| १ | श्री रणभीम गण, मुडे ब्यारेक, खोटाङबाट छनौट भएका सम्पूर्ण उम्मेदवारहरु | श्री दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेल, खोटाङ |

**उम्मेदवारले पालना गर्नुपर्ने विषयहरुः-**

क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई **Biometric** हाजिरी हुने भएकाले कम्तीमा **२ घण्टा** अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्नेछ ।

ख) प्रवेशपत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले सम्बन्धित भर्ना छनौट केन्द्रबाट लिनुपर्नेछ ।

ग) परीक्षामा **कालो मसी** भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्नेछ ।

घ) परीक्षा हलभित्र कुनै पुस्तक, कापी, क्याल्कुलेटर, स्मार्ट वाच, मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ ।

ङ) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुनेछैन ।

च) वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तर ठहरिएमा २० प्रतिशत अङ्क कट्टा हुनेछ । तर उत्तर नदिएमा त्यस वापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

छ) वस्तुगत बहुउत्तर**(Multiple Choice)** प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर**(Capital Letter)** मा **A,B,C,D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

ज) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| (सविन दंगाल)<br>कम्प्युटर अपरेटर | (योगेश नेपाल)<br>शाखा अधिकृत | (टिकामणि नेउपाने)<br>उपसचिव |

फोनः- ०३६-४२०७५७/०३६-४२०१७७ वेभसाइटः- www.psc.gov.np इमेलःdiktel@psc.gov.np